# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

**खण्ड ४८) काठमाडौं, कात्तिक २३ गते २०५५ साल (संख्या २९**

## भाग ३

### श्री ५ को सरकार

### स्वास्थ्य मन्त्रालयको सूचना

शहीद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र विकास समिति (गठन) आदेश, २०५५

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :-** (१) यस आदेशको नाम "शहीद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र विकास समिति (गठन) आदेश, २०५५" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको शहीद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र विकास समिति सम्झनुपर्छ ।

(ख) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष तथा सदस्य सचिवसमेतलाई जनाउँछ ।

(घ) "केन्द्र" भन्नाले शहीद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र सम्झनुपर्छ ।

(ङ) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनुपर्छ ।

(च) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस आदेशअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

**३. समितिको गठन:-** (१) हृदयरोगको अध्ययन, अनुसन्धान गर्न, हृदयरोगीलाई स्वास्थ्य सेवा प्रदान गर्न तथा त्यसको लागि आवश्यक दक्ष जनशक्ति तयार गर्न शहीद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र विकास समिति नामको एक समितिको गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायबमोजिमका सदस्यहरू रहनेछन् ।

(क) माननीय स्वास्थ्यमन्त्री वा राज्यमन्त्री -अध्यक्ष

(ख) श्री ५ को सरकारद्वारा मनोनीत व्यक्ति एकजना -उपाध्यक्ष

(ग) सचिव, स्वास्थ्य मन्त्रालय वा निजले तोकेको स्वास्थ्य मन्त्रालयको प्रतिनिधि -सदस्य

(घ) प्रतिनिधि, अर्थ मन्त्रालय (रा.प.प्रथम श्रेणी) -सदस्य

४५१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) प्रतिनिधि, राष्ट्रिय योजना आयोगको सचिवालय -सदस्य
(च) त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थानको डिन वा निजले तोकेको सो संस्थानको प्रतिनिधि -सदस्य
(छ) लब्ध प्रतिष्ठित हृदयरोग विशेषज्ञहरूमध्येबाट श्री ५ को सरकारद्वारा मनोनीत पाँच जना -सदस्य
(ज) चन्दादाता वा लब्धप्रतिष्ठित समाजसेवीहरूमध्येबाट श्री ५ को सरकारद्वारा मनोनीत दुई जना -सदस्य
(झ) प्रतिनिधि, नेपाल हार्ट फाउन्डेशन -सदस्य
(ञ) कार्यकारी निर्देशक -सदस्य-सचिव

(३) समितिका मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ र निजहरू पुन: मनोनीत हुन सक्नेछन् ।

(४) समितिले आवश्यक देखेमा कुनै विशेषज्ञलाई वा श्री ५ को सरकारको कुनै अधिकृतलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

**४. समितिको काम, कर्तव्य र अधिकार:-** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको नीति, योजना तथा कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने ।

(ख) हृदयरोगीलाई स्वास्थ्य सेवा उपलब्ध गराउने एवं हृदयरोगीको पुनर्स्थापना गर्ने ।

(ग) केन्द्र संचालन गर्नको लागि आवश्यक भौतिक तथा अन्य आवश्यक पूर्वाधार खडा गर्ने, गराउने ।

(घ) केन्द्रबाट प्रदान गरिने सेवाको संचालन, सुधार एवं विस्तारको लागि आवश्यक पर्ने स्रोत र साधनको पहिचान गरी त्यस्तो स्रोत र साधनको परिचालन गर्ने ।

(ङ) हृदयरोगको रोकथाम, निदान, उपचारको लागि आवश्यक दक्ष जनशक्ति तयार गर्ने, गराउन एवं हृदय रोग सम्बन्धमा श्री ५ को सरकारलाई आवश्यक सल्लाह, सुझाव र परामर्श दिने ।

(च) हृदयरोगको अध्ययन, अनुसन्धान, सर्वेक्षण, तालिम, गोष्ठी, सेमिनार, सभा, सम्मेलन आदि कार्यक्रमहरूको आयोजना गरी हृदयरोगको निवारणसम्बन्धी सूचना प्रवाह तथा जनचेतना जागृत गर्ने ।

(छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा हृदयरोगसम्बन्धी विशेषज्ञ सेवाको आदान-प्रदान गर्ने ।

(ज) श्री ५ को सरकार, विदेशी सरकार वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्था, एजेन्सी वा व्यक्तिबाट केन्द्रलाई आवश्यक पर्ने जनशक्ति, नगद, जिन्सी वा अन्य सहयोग प्राप्त गर्ने ।

(झ) केन्द्रबाट संचालन गरिने सेवाको सम्बन्धमा भएका नीतिगत निर्णय र सो कार्यान्वयनका सम्बन्धमा आवधिक रूपमा श्री ५ को सरकारलाई जानकारी गराउने ।

(ञ) केन्द्रको लागि आवश्यक वैज्ञानिक उपकरण, प्रयोगशाला र पुस्तकालयलगायतका सुविधाहरूको विकास तथा विस्तार गर्ने ।

(ट) केन्द्रद्वारा संचालित विभिन्न आयोजना तथा कार्यक्रमहरूको आवधिक रूपमा पुनरावलोकन तथा मूल्यांकन गर्ने, गराउने ।

(ठ) समितिको वार्षिक प्रगति विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र श्री ५ को सरकारसमक्ष पेश गर्ने ।

(ड) केन्द्रको उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य कार्यहरू गर्ने, गराउने ।

**५. समितिको बैठक र निर्णय :-** (१) समितिको बैठक वर्षमा कम्तीमा ६ पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको कुल सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ ।



२८२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) समितिको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(७) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

६ **कार्यकायरी निर्देशक:-** (१) समितिको प्रशासकीय प्रमुखको रूपमा श्री ५ को सरकारले कार्यकारी निर्देशक नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र निजको पुन: नियुक्ति हुन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले आवश्यक देखेमा कार्यकारी निर्देशकलाई निजको पदावधि सकिनुअगावै पनि सो पदबाट हटाउन सक्नेछ ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त, सुविधा र काम, कर्तव्य तथा अधिकार तोकिएबमोजिम हुनेछ ।

७ **समितिको कोष:-** (१) समितिको नाममा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् :

(क) श्री ५ को सरकारबाट प्राप्त रकम ।

(ख) केन्द्रले प्रदान गरेको विभिन्न सेवाबाट प्राप्त रकम ।

(ग) स्वदेशी संघ, संस्था, एजेन्सी वा व्यक्तिबाट प्राप्त हुने सहयोग, अनुदान वा ऋण रकम ।

(घ) विदेशी वा अन्तर्राष्ट्रिय संघ, संस्था, एजेन्सी वा व्यक्तिबाट प्राप्त हुने सहयोग, अनुदान वा ऋण रकम ।

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) समितिले उपदफा (१) को खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्नुअघि श्री ५ को सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ ।

(४) समितिले श्री ५ को सरकार वा स्वदेशी वा विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्था, एजेन्सी वा व्यक्तिबाट जुन कार्यक्रम वा कार्यको निम्ति रकम प्राप्त भएको छ सो रकम सोही कार्यक्रममा खर्च गर्नुपर्नेछ ।

(५) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(६) समितिको कोषमा रहने रकम नेपाल अधिराज्यको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(७) समितिको कोषको संचालन समितिले तोकेबमोजिम हुनेछ ।

८ **समितिको लेखा र लेखा परीक्षण:** (१) समितिको आय-व्ययको लेखा प्रचलित कानूनबमोजिम राख्नुपर्नेछ ।

(२) समितिको लेखापरीक्षण महालेखा प्रीक्षकको विभाग वा सो विभागले तोकेको लेखापरीक्षकबाट हुनेछ ।

९ **कर्मचारी सम्बन्धी व्यवस्था:-** (१) समितिले कार्य संचालनका लागि आवश्यक कर्मचारी नियुक्त गर्नेछ ।

(२) समितिका कर्मचारीहरूको नियुक्ति, पारिश्रमिक, सेवाको शर्त र अन्य सुविधासम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१०. **उपसमिति वा कार्यटोली गठन गर्न सक्ने:-** (१) समितिले आफनो कार्यक्रम संचालन गर्न आवश्यकताअनुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार तथा कार्याविधि समितिले तोकिदिएबमोजिम हुनेछ ।

११. **अधिकार प्रत्यायोजन:-** समितिले आफूलाई प्राप्त अधिकारहरूमध्ये केही अधिकार आवश्यकतानुसार समितिको कुनै सदस्य, कार्यकारी निर्देशक, उपसमिति वा समितिको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।



२४२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. **बैठक भत्ता तथा अन्य सुविधा:-** समिति तथा उपसमितिका सदस्यहरूले तोकिएबमोजिम बैठक भत्ता तथा अन्य सुविधाहरू पाउनेछन् ।

१३. **श्री ५ को सरकारसँग सम्पर्क:-** समितिले श्री ५ को सरकारसँग सम्पर्क राख्दा स्वास्थ्य मन्त्रालयमार्फत् राख्नुपर्नेछ ।

१४. **निर्देशन दिन सक्ने:-** श्री ५ को सरकारले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१५. **समितिको कार्यालय:-** समितिको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

१६. **समितिको कार्यालयको नामाकरण:-** समितिको कार्यालयको नाम सहीद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र रहनेछ ।

१७. **नियमहरू बनाउने अधिकार:-** समितिले आफनो कार्य संचालनको लागि आवश्यक नियमहरू बनाउन सक्नेछ र त्यस्ता नियमहरू श्री ५ को सरकारबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ ।

१८. **खारेजी र बचाउ:-** (१) श्री ५ को सरकारको निर्णयअनुसार गठन भएको शहीद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र विकास तथा संचालन समिति खारेज गरिएको छ ।

(२) शहीद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र विकास तथा संचालन समितिले गरेको काम कारबाहीहरू यसै आदेशबमोजिम गठन भएको समितिबाट भए गरेको मानिनेछ ।

(३) शहीद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र विकास तथा संचालन समितिले प्राप्त गरेको हक दायित्व र सम्पत्ति यस समितिमा सर्नेछ ।

**आज्ञाले,**
**भोजराज पोखरेल**
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

२८४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

कृषि मन्त्रालयको सूचना १

श्री ५ को सरकारले जीवनाषक विषादि ऐन, २०४८ को दफा १० ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा ९ ...जेम मिति २०५५।२।८ सम्म पञ्जीकरण भएका विषादिहरूको नामावली देयायबमोजिम प्रकाशन गरेको छ ।

# पञ्जिकृत विषादीहरूको विवरणात्मक सूचि

## Insecticides

| S. N. | Name: Trade | Name: Common (Act.Ing.) | Concent. of a.i. | Formulation | WHO Class | CONDITION , IF ANY |
|---|---|---|---|---|---|---|
| 1 | NEEMARK | AZADIRACHTIN | 0.03 gm/lt | EC | NH | |
| 2 | BLAZE | CHLORPYRIFOS | 200 gm/lit | EC | II | |
| 3 | BOXER 20% | CHLORPYRIFOS | 200 gm/lt | EC | II | |
| 4 | DURMET-20%EC | CHLORPYRIFOS | 200 gm/lit | EC | II | Used as Termiticides also |
| 5 | DURSBAN | CHLORPYRIFOS | 200 gm/lt | EC | II | |
| 6 | ANKUSH 10% EC | CYPERMETHRINE | 100 gm/lt | EC | III | |
| 7 | BASATHRIN 25%EC | CYPERMETHRINE | 250 gm/lt | EC | II | |
| 8 | BILCYP 10EC | CYPERMETHRINE | 100 gm/lt | EC | III | |
| 9 | CILCORD | CYPERMETHRINE | 250 gm/lt | EC | II | |
| 10 | CYBIL 25EC | CYPERMETHRINE | 250 gm/lt | EC | II | |
| 11 | CYRUX | CYPERMETHRINE | 250 gm/kg | EC | II | |
| 12 | MARKCYPER 25% | CYPERMETHRINE | 250 gm/lt | EC | II | |
| 13 | MARKCYPER 10% | CYPERMETHRINE | 100 gm/lt | EC | III | |
| 14 | RIPCORD-10%EC | CYPERMETHRINE | 100 gm/lit | EC | III | |
| 15 | SUPERKILLER 10% | CYPERMETHRINE | 100 gm/lt | EC | III | |
| 16 | SUPERKILLER 25% | CYPERMETHRINE | 250 gm/lt | EC | II | |
| 17 | USTAAD | CYPERMETHRINE | 100 gm/kg | EC | III | |
| 18 | DOOM | DICHLOROVOS | 760 gm/kg | EC | IB | To be sold only under official recommendation of respective APPO. |
| 19 | DIADHAN 30 | DIMETHOATE | 300 gm/lt | EC | II | |
| 20 | ENDODHAN 35 | ENDOSULFAN | 350 gm/lt | EC | II | |
| 21 | ENDOSEL | ENDOSULFAN | 375 gm/lit | EC | II | Used as Acaricide also |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 22 | HEXASULFAN 35%EC | ENDOSULFAN | 350 gm/lt | EC | II | |
| 23 | THIOKILL | ENDOSULFAN | 350 gm/lt | EC | II | |
| 24 | TOOFAN | ENDOSULFAN | 350 gm/lt | EC | II | |
| 25 | VOLTHION 50 EC | ETHION | 500 gm/lt | EC | II | |
| 26 | FOLITHION 50%EC | FENITROTHION | 500 gm/lt | EC | II | |
| 27 | LEBAYCID 1000 | FENTHION | 800 gm/lt | EC | NA | |
| 28 | CAPTAIN 20% | FENVALERATE | 200 gm/lt | EC | III | |
| 29 | FENKIL | FENVALERATE | 2oo gm/kg | EC | III | |
| 30 | FENVAL 0.4%DP | FENVALERATE | 40 gm/kg | DP | NA | |
| 31 | FENVAL 20% | FENVALERATE | 200 gm/lt | EC | III | |
| 32 | MARKFENVAL | FENVALERATE | 200gm/Lt | EC | III | |
| 33 | TRIUMPHCARD 20 | FENVALERATE | 200gm/lt | EC | III | |
| 34 | AZODRIN 35%SL | MONOCROTOPHOS | 360 gm/li | SL | IB | To be sold only under official recommendation of respective APPO. |
| 35 | BILPHOS 36 SL | MONOCROTOPHOS | 360 gm/lt | SL | IB | To be sold only under official recommendation of respective APPO. |
| 36 | KRANTI | MONOCROTOPHOS | 360 gm/lt | SL | IB | To be sold only under official recommendation of respective APPO. |
| 37 | PHOSKILL | MONOCROTOPHOS | 360 gm/kg | SL | IB | To be sold only under official recommendation of respective APPO. |
| 38 | DHANUSYSTOX 25 | OXYDEMETON-METHYL | 250gm/lt | EC | NA | |
| 39 | DHANUMAR 50 EC | METHYL PARATHION | 500g/lt | EC | IB | To be sold only under official recommendation of respective APPO. |
| 40 | METACID 50%EC | METHYL PARATHION | 500 gm/lt | EC | IB | To be sold only under official recommendation of respective APPO. |
| 41 | DHAN-10G | PHORATE | 100 gm/kg | GR | IB | To be sold only under official recommendation of respective APPO. |
| 42 | VOLPHOR 10 CG | PHORATE | 100 gm/kg | CG | IB | To be sold only under official recommendation of respective APPO. |
| 43 | KINALUX 25EC | QUINALPHOS | 250 gm/lt | EC | NA | |
| 44 | MARSHAL 25% EC | QUINALPHOS | 250 gm/lt | EC | NA | |
| 45 | CELPHOS | ALUMINIUM POSPHIDE | 560gm/kg | TAB | NC | |
| 46 | ORTAIN | ASEPHATE | 750gm/lt | SP | III | |
| 47 | FICAM VC | BANDIOCARB | 800 gm/Kg | WP | II | To be used for Public Health purpose |
| 48 | ANUBAN 20 EC | CHLORPYRIPHOS | 200 gm/lt | EC | II | |
| 49 | HEXABAN 20EC | CHLORPYRIPHOS | 200gm/lt | EC | II | |
| 50 | NUKLOR 20EC | CHLORPYRIPHOS | 200gm/lt | EC | II | |



आधिकारिकृता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 51 | PYRIVOL 20 EC | CHLORPYRIPHOS | 200gm/lt | EC | II | |
| 52 | SOLFAC 10 WP | CYFLUTHRIN | 100 gm/Kg | WP | NH | To be used for Public Health purpose |
| 53 | ANUKIL 25 EC | CYPERMETHRIN | 250gm/lt | EC | II | |
| 54 | ANUMITE | CYPERMETHRIN | 100gm/lt | EC | II | |
| 55 | CYPERMAR | CYPERMETHRIN | 100 gm /Lt | EC | III | |
| 56 | DYNOMITE | CYPERMETHRIN | 900gm/lt | EC | II | |
| 57 | JAWAA 10 EC | CYPERMETHRIN | 100gm/lt | EC | III | |
| 58 | JAWAA 25 EC | CYPERMETHRIN | 250gm/lt | EC | II | |
| 59 | VOLCYPER 25 EC | CYPERMETHRIN | 250gm/lt | EC | II | |
| 60 | K-0THRINE 2.5 WP | DELTAMETHRIN | 25 gm/Kg | WP | NH | To be used for Public Health purpose |
| 61 | SPARK | DELTRAMETHRIN 1% +TRIAZOPHOS 35% | 360gm/lt | EC | II | |
| 62 | DECIS 2.8 EC | DELTRAMETHRIN | 28gm/lt | EC | III | |
| 63 | NUGOR | DIMETHOATE | 300gm/lt | EC | II | |
| 64 | ROGOR 30 EC | DIMETHOATE | 300gm/lt | EC | II | |
| 65 | THIODAN 35 EC | ENDOSULFAN | 350gm/lt | EC | II | |
| 66 | VECTRON 20 WP | ETOFENPROX | 200 gm/Kg | WP | NH | To be used for Public Health purpose |
| 67 | ANUFEN | FENVALERATE | 200gm/lt | EC | III | |
| 68 | FEN CEL | FENVALERATE | 200gm/lt | EC | III | |
| 69 | FEN FEN 20 EC | FENVALERATE | 200gm/lt | EC | III | |
| 70 | FENIS | FENVALERATE | 200gm/lt | EC | III | |
| 71 | ICON 10 WP | LAMBDA-CYHALOTHRIN | 100gm/kg | WP | III | To be used for Public Health purpose |
| 72 | ANUMALATHION 50 EC | MALATHION | 500gm/lt | EC | NH | |
| 73 | MALATHION 50 EC | MALATHION | 500gm/lt | EC | NH | |
| 74 | LANNATE 12.5 L | METHOMYL | 125gm/lt | SL | IB | To be sold only under official recommendation of authorized officer |
| 75 | MONOCiL | MONOCROTOPHOS | 360gm/lt | SL | IB | To be sold only under official recommendation of authorized officer |
| 76 | METASYSTOX | OXYDEMETON METHYL | 250gm/lt | EC | II | |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 77 | HOSTATHION 40 EC | TRIAZOPHOS | 400gm/lt | EC. | IB | To be sold only under official recommendation of authorized officer |
| 78 | FOLITHION 50EC | FENITROTHINE | 500gm/lt | EC | II | |
| 79 | FLASH | QUINALPHOS | 250gm/kg | EC | II | |

**Herbicides**

| S. | Name | | Concent. | Formulation | WHO | CONDITION , IF ANY |
|---|---|---|---|---|---|---|
| N. | Trade | Common (Act.Ing.) | of a.i. | | Class | |
| 1 | 2-4 D SODIUM SALT | 2,4-D SODIUM SALT | 800gm/kg | WP | NH | |
| 2 | ATRAZINE 50%WP | ATRAZINE | 500 gm/kg | WP | NH | |
| 3 | BUTACHLOR 50%EC | BUTACHLOR | 500 gm/lt | EC | NH | |
| 4 | HERBICHLOR | BUTACHLOR | 500 gm/lt | EC | NH | |
| 5 | BASALIN 45% | FENCHLOR | 450 gm/lt | EC | NA | |
| 6 | KRISHAK 75% | ISOPROTURON | 750 gm/kg | WP | NH | |
| 7 | SENCOR 70%WP | METRIBUZIM | 700 gm/kg | WP | NA | |
| 8 | GOAL | OXYFLUORFEN | 235 gm/lt | EC | NA | |
| 9 | STOMP 30% EC | PENDIMETHALENE | 300 gm/lt | EC | NH | |
| 10 | AROZIN 30 EC | ANILOPHOS | 300gm/lt | EC | II | |
| 11 | SUMO 30EC | ANILOPHOS | 300gm/lt | EC | II | |
| 12 | ARELON 75 WP | ISOPROTURON | 750gm/kg | WP | NH | |
| 13 | REKORD 75 WP | ISOPROTURON | 750gm/kg | WP | NH | |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**Fungicides**

| S. N. | Name | | Concent. of a.i. | Formulation | WHO Class | CONDITION , IF ANY |
|---|---|---|---|---|---|---|
| | Trade | Common (Act.Ing.) | | | | |
| 1 | BAYCOR 25 WP | BITERTANOL | 250 gm/kg | WP | NA | Used as Acaricides |
| 2 | DHANUTAN 50%WP | CAPTAN | 500 gm/kg | WP | NH | |
| 3 | HEXCAP 50%WP | CAPTAN | 500 gm/kg | WP | NH | |
| 4 | BAVISTIN 50% WDP | CARBENDAZIM | 500 gm/kg | EC | NH | |
| 5 | CHAKRA 50 WP | CARBENDAZIM | 500 gm/kg | WP | NH | |
| 6 | STEN 50%WP | CARBENDAZIM | 500 gm/kg | WP | NH | |
| 7 | SUBEEJ 25% DS | CARBENDAZIM | 250 gm/kg | DS | NA | |
| 8 | VITAVAX 75% | CARBOXIN | 750 gm/kg | WP | NA | |
| 9 | DHANUCOP 50% | COPPEROXYCHLORIDE | 500gm/kg | WP | NH | |
| 10 | KARATHANE | DINOCAP | 480 gm/lit | EC | III | |
| 11 | HINOSAN 50%EC | IDIPHENPHOS | 500 gm/lt | EC | III | |
| 12 | DHANUKA-M45 | MANCOZEB | 750 g/kg | WP | NH | |
| 13 | INDOFIL M-45 | MANCOZEB | 750 gm/kg | SL | NH | |
| 14 | POLYRAM DF | METIRAM 80%WW | 800 gm/kg | GR | NA | |
| 15 | BAYLETON 25%WP | TRIADIMEFON | 250 gm/kg | WP | NA | |
| 16 | BEAM | TRICYCLAZOLE | 750 gm/kg | WP | NA | |
| 17 | BENLATE 50 WP | BENOMYL | 500gm/kg | WP | NH | |
| 18 | ARRESTIN | CARBENDAZIM | 500gm/kg | WP | NH | |
| 19 | DEROSAL 50 WP | CARBENDAZIM | 500gm/kg | WP | NH | |
| 20 | ANUCOP | COPPER OXYCHLORIDE | 500gm/kg | WP | NH | |
| 21 | ANU M 45 | MANCOZEB | 750gm/kg | WP | NH | |
| 22 | DITHANE M 45 | MANCOZEB | 750gm/kg | WP | NH | |
| 23 | MANZATE 75 WP | MANCOZEB | 750gm/kg | WP | NH | |
| 24 | SAVIOR-M 45 | MANCOZEB | 750 gm/Kg | WP | NH | |
| 25 | CALIXIN 80 % EC | TRIDEMORPH | 800gm/lt | EC | NH | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**Acaricides**

| S. N. | Name: Trade | Name: Common (Act.Ing.) | Concent. of a.i. | Formulation | WHO Class | CONDITION , IF ANY |
|---|---|---|---|---|---|---|
| 1 | DICOFOL 18.5% EC | DICOFOL | 185 gm/lt | EC | NA | |

**Others**

| S. N. | Name: Trade | Name: Common (Act.Ing.) | Concent. of a.i. | Formulation | WHO Class | CONDITION , IF ANY |
|---|---|---|---|---|---|---|
| 1 | DHANUMON | A.N.A. 4.5% EC | 45 gm/lt | EC | NA | Soil Sterilant |
| 2 | LIHOCIN AS | CHLORMEQUAT CHLORI | 500mg/lt | EC | III | Growth Regulator |
| 3 | BASAMID GR | DAZOMET | 950 gm/kg | GR | NA | Soil Sterilant |
| 4 | RATOL | ZINC PHOSPHIDE | 800 gm/kg | WP | NA | Rodenticide |
| 5 | ZINC PHOSPHIDE | ZINC PHOSPHIDE | 800 gm/kg | PD | NA | Rodenticide |

खण्ड ४७, संख्या ११, मिति २०५४।३।९ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

मुद्रण विभाग, सिंहदरबार



220

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।